नेपाल सरकार
युवा,श्रमतथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

पत्र सख्या : ०८३/८४ मिति:-२०८३।०४।१०
चलानी न.:

अत्यन्त जरुरी सूचना!!!

विषय: **Point Based Selection System** अन्तर्गत प्रथम चरणको भाषा परीक्षाको दरखास्त आवेदन तथा भुक्तानी प्रक्रिया सम्बन्धमा अत्यन्त जरुरी सूचना

Point Based Selection System (PBSS) अन्तर्गत प्रथम चरणको भाषा परीक्षा सञ्चालनका लागि मिति २०८३/०४/०५ गतेको सूचना अनुसार 27 **July 2026** (२०८३/०४/११) देखि दरखास्त संकलन कार्य सुरु हुने विषय सर्वविदितै छ।

उक्त प्रयोजनका लागि अनलाइन प्रणाली **eoers.epsnepal.gov.np** मार्फत दरखास्त आवेदन दर्ता गर्दा विगतमा देखिएका प्राविधिक समस्या, दोहोरो-तेहोरो भुक्तानी तथा प्रणालीमा उत्पन्न हुने अन्य जटिलताहरूलाई न्यूनीकरण गरी सेवा प्रवाहलाई सहज, पारदर्शी र प्रभावकारी बनाउनका लागि सबै आवेदकहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अनलाइन आवेदन भर्दा तथा भुक्तानी गर्दा निम्न बमोजिमका निर्देशनहरूको अनिवार्य पालना गर्नुहुन अनुरोध गरिन्छः

क. एउटा पासपोर्ट नम्बर प्रयोग गरी प्रणालीमा एक पटक मात्र लगइन गर्न र दरखास्त दर्ता गर्न सकिने व्यवस्था गरिएको छ। तसर्थ, प्रणालीमा एक पटक लगइन भइसकेपछि सोही पासपोर्ट नम्बर र दर्ता गरिएको ई-मेल ठेगाना मात्र प्रयोग गरी आवेदन अन्तिम रूपमा पेश गर्नुहुन सूचित गरिन्छ।

ख. विगतमा ई-मेल ठेगाना परिवर्तन गरी एउटै पासपोर्ट नम्बरमा पटक-पटक लगइन गर्ने र दोहोरो वा तेहोरो भुक्तानी गर्ने प्रवृत्ति देखिएकाले त्यस्तो कार्य नगर्नुहुन जानकारी गराइन्छ । पुनः मेलिङ ठेगाना परिवर्तन गरी नयाँ प्रयोगकर्ता (User) सिर्जना नगर्नुहुन समेत अनुरोध छ। यसरी नियम विपरीत दोहोरो वा तेहोरो भुक्तानी भएमा सोको जिम्मेवारी स्वयम् आवेदक हुनुपर्नेछ र यसमा कार्यालय जवाफदेही हुने छैन।

ग. एकै समयमा धेरै आवेदकहरूले **eoers.epsnepal.gov.np** प्रणालीको प्रयोग गर्दा सर्भरमा चाप भई प्रणाली केही ढिला (Slow) हुन सक्छ। यस्तो अवस्थामा अत्तालिएर पुनः नयाँ प्रक्रिया सुरु गर्दा दोहोरो भुक्तानी हुने जोखिम रहन्छ। तसर्थः

नेपाल सरकार
युवा,श्रमतथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

- एक पटक प्रणालीमा प्रवेश गरी भुक्तानी गरेको सन्दर्भमा तपाईको खाताबाट रकम काटिसकेपश्चात अर्को भूक्तानी नगर्नुहोला ।
- पहिलेको प्रयासमा "Payment Failed" को आधिकारिक सूचना वा मेसेज नआएसम्म पुनः भुक्तानी वा नयाँ प्रक्रिया सुरु नगर्नुहोला।
- आफ्नो खाता वा वालेटबाट रकम कट्टी भई भुक्तानी सफल (Payment Successful) भइसकेको तर प्रणालीमा सो नदेखाएको अवस्थामा पुनः भुक्तानी नगरी भुक्तानी भएको मितिले T+1 Days (भोलिपल्ट) भित्र epstopikquery@gmail.com मा ईमेल मार्फत वा यस कार्यालयको **<u>झ्याल नं. ३</u>** मा उपस्थित भई प्रमाण तथा राहदानीको फोटोसहित आफ्नो समस्या दर्ता (Register) गराउनुहुन अनुरोध गरिन्छ।
- कारणवश पुनः प्रक्रिया सुरु गर्नुपरेमा पहिलो पटक जुन भुक्तानी प्रणाली (Payment Gateway) छनौट गर्नुभएको थियो, सोही प्रणाली नै छनौट गरी प्रक्रिया अगाडि बढाउनुहोला।

घ. राहादानीको म्याद समाप्त भएको अवस्थामा समेत आवेदन फारम दर्ता गर्न सकिने छ । यद्यपी, परीक्षामा उत्तीर्ण भई रोजगार आवेदन फारम भर्न आउँदाको बखत अनिवार्य रुपमा म्याद भएको राहदानी (Valid Passport) लिई उपस्थित हुनुपर्नेछ ।

ङ. आवेदन पेश गर्ने सन्दर्भमा प्रशिक्षार्थीको सहजताको लागि सक्रिय कुनै साईबर सेन्टर, प्रशिक्षण संस्था वा अन्य कुनै फर्म भर्ने ठाउँ तथा स्वयं आवेदकले तपसिल बमोजिमको निर्देशन पालना गर्न समेत सूचीत गरिन्छ।

- विगतका वर्षहरुमा एउटै वेब ब्राउजरका धेरै ट्याबहरू (Multiple Tab) मा वेब पोर्टल खोली एकै पटक २-३ जनाको फारम भर्दा एक व्यक्तिको विवरण/फारममा अर्को व्यक्तिको पासपोर्ट तथा फोटो अपलोड हुन गई विवरण बिग्रिएको पाइएको छ। तसर्थ, एक पटकमा एक जनाको मात्र फारम भर्न र **Multiple Tab** मा पोर्टल खोली फारम भर्ने कार्य नगर्नु/नगराउनुहुन साइबर/इन्टरनेट क्याफे सञ्चालक तथा परीक्षार्थीहरूलाई विशेष सूचित गरिन्छ। यसरी Multiple Tab प्रयोग गरी आवेदन भर्दा परीक्षार्थीको डाटा वा कागजात बिग्रिएमा वा साटिएमा त्यसको सम्पूर्ण जिम्मेवारी परीक्षार्थी स्वयम् हुनुपर्नेछ।
- साथै, साइबर/इन्टरनेट सेन्टरमार्फत फारम भराउँदा आवेदक स्वयम् उपस्थित भई/बसी आफ्नो नाम, जन्ममिति, पासपोर्ट नम्बर, फोटो तथा अन्य सम्पूर्ण विवरणहरू दुरुस्त (सही) भए/नभएको ध्यानपूर्वक रुजु (Verify) गरेर मात्र फारम Submit गर्ने विषयमा पूर्ण चेनाखो

Website :www.epsnepal.gov.np Telephone No:- 01-5186349, 01-5186350
e-mail : eps.nepalgov@gmail.com

निर्देशक

हुनुहुन परीक्षार्थीहरूलाई विशेष सूचित गरिन्छ। लापरवाहीपूर्वक फारम भरी विवरण वा कागजात बिग्रिएमा/साटिएमा त्यसको सम्पूर्ण जिम्मेवारी परीक्षार्थी स्वयम् हुनुपर्नेछ।

- परीक्षार्थीले आफ्नै सक्रिय मेल ठेगाना र मोबाइल नम्बर मात्र प्रयोग गर्नुपर्नेछ। अरु कसैको नाममा दर्ता रहेको मोबाईल नम्वरको प्रयोग नगर्नुहोला ।
- आवेदन दर्ता भइसकेपछि परीक्षार्थीले आफ्नो Login ID, Password र Registration/Application Slip को प्रिन्टआउट निकाली अनिवार्य रूपमा सुरक्षित साथ राखुहोला ।

च. आवेदन बुझाउने क्रममा कुनै महत्वपूर्ण विवरण बिग्रिएको वा त्रुटि भएको खण्डमा सो सच्याउनका लागि साउन १८ गतेदेखि २५ गतेसम्म Correction Period निर्धारण गरिएको छ। सो अवधिभित्र बिग्रिएको विवरण र सच्याउनुपर्ने सही विवरण खुल्ने आधिकारिक प्रमाण (पासपोर्ट/कागजात) संलग्न गरी यस शाखाको आधिकारिक ईमेल ठेगाना epstopikquery@gmail.com मा वा कार्यालयको झ्याल नं. ३ मा उपस्थित भई निवेदन दर्ता गराउनुहुन सूचित गरिन्छ। तोकिएको समयावधि पश्चात प्राप्त निवेदनमाथि कुनै कारबाही नहुने व्यहोरा समेत स्पष्ट पारिन्छ।

छ. कनेक्ट आईपीएस (Connect IPS) बाहेक अन्य भुक्तानी प्रणाली/सेवा प्रदायकमा कुनै प्राविधिक कारणबस दोहोरो भुक्तानी हुन गएको खण्डमा आवेदकले साउन २० गते बुधबार कार्यालय समयभित्र सम्बन्धित भुक्तानी सेवा प्रदायक (Payment Service Provider/Wallet) सँग नै सम्पर्क गरी रकम फिर्ता लिइसक्नुपर्नेछ। साथै कनेक्ट आइपिएसको हकमा उल्लिखित समयावधी भित्र यस कार्यालयमा सम्पर्क गरी फिर्ताका लागि दावी पेश गर्नुपर्नेछ । यसरी समयमै दावी विरोध नगरेमा सोको जिम्मेवारी स्वयम् आवेदक हुनुपर्नेछ र यसमा कार्यालय जवाफदेही हुने छैन।

ज. अनलाइन आवेदन फारम भर्ने तरिका, कागजात अपलोड गर्ने विधि तथा भुक्तानी प्रक्रिया सम्बन्धी पूर्ण मार्गदर्शन (Guide) सहितको User Manual यसै सूचनासाथ संलग्न राखी प्रकाशित गरिएको छ। आवेदकहरूले फारम भर्नुअघि उक्त Manual अनिवार्य रूपमा अध्ययन गरी सोही अनुसार प्रक्रिया अगाडि बढाउनुहुन अनुरोध छ। उक्त User Manual Home Page मा समेत उपलब्ध छ ।

**नोट - कोरियन भाषा परीक्षा उत्तीर्ण हुनु कोरियामा रोजगारीको सुनिश्चितता होईन ।**

निर्देशक

EPS KOREA



# EPS Korea Exam

## फारम भर्नें तरिका

# १. Login गर्नुहोस्

- Passport Number भर्नुहोस् ।
- Password भर्नुहोस् ।
- *Login* बटनमा क्लिक गर्नुहोस्।
- नयाँ दर्ता गर्न चाहनुहुन्छ भने, साइन अप गर्नुहोस्।




कृपया फारम भर्नुअघि Sign Up गर्नुहोस्।

# २. Registration गर्नुहोस्

- *Passport Number* भर्नुहोस् ।
- जन्म मिति भर्नुहोस् (उम्मेदवार सन् १९८६ जुलाई २८ देखि सन् २००८ जुलाई २७ बीच जन्मिएको हुनु पर्नेछ)।
- इमेल ठेगाना भर्नुहोस् ।
- *Password* र *Confirm Password* भर्नुहोस्।
- Sign Up बटनमा क्लिक गर्नुहोस्।


Government of Nepal
Ministry of Labour, Employment and Social Security
Department of Foreign Employment
E. P. S. Korea Section

Register User

Passport Number
Enter Passport Number

Email
Enter Email Address

Date of Birth (AD)
Enter Date of Birth (dd/mm/YY)

Password
Password minimum 6 characters

Confirm Password
Confirm Password minimum 6 charact

Signup

have an account? LogIn

# ३. Application Form भर्नुहोस्

- आवश्यक व्यक्तिगत विवरण भर्नुहोस्।
- *Auto-filled* विवरण जाँच गर्नुहोस्।
- बाँकी जानकारी सावधानीपूर्वक भर्नुहोस्।



# ४. Previous Stay Duration in South Korea (E-9, E-10 Visa)

- New Applicant वा ५ वर्षभन्दा कम बसाइ अवधि भएका व्यक्तिहरू आवेदन दिन योग्य हुन्छन्।
- ५ वर्षभन्दा बढी बसाइ अवधि भए आवेदन दिन पाइँदैन।



# ५. फोटो Upload गर्नुहोस्

## PP Size Photo

- 8 KB भन्दा ठूलो, 14 KB भन्दा सानो
- J PG Format
- 100-300 px width

## Passport Photo

- 70 KB भन्दा ठूलो, 89 KB भन्दा सानो
- J PG Format
- 600 px width






# ६. Terms & Conditions

- सबै *Terms and Conditions* ध्यानपूर्वक पढ्नुहोस्।
- त्यसपछि *Accept* गर्नुहोस्।

**I ACCEPT**
मैले सबै सर्तहरू पढें र स्वीकार गर्दछु।

**Terms and Conditions:**

- I agree that passing EPS-TOPIK does not guarantee employment in Korea.
- If an applicants personal information on the passport is not exactly the same on the application form like English name, birth date and gender, registration to the EPS job seekers roster and employment in Korea is not permitted and the applicant is fully responsible for any problem caused by the difference in the personal information.
- I solemnly swear that I will take full legal responsibilities for any falsified documents submitted for registering EPS-TOPIK.
- If my document is proven to be falsified, the test result will invalidated and I will not be able to take any EPS-TOPIK for 4 years.
- I fully obey the rules and regulations of EPS.
- I have willingly participated in the EPS TOPIK exam. I will not participate in any kind of protest, sit-in procession, even if I participate in this examination and fail or if I am pass in the exam but not selected and do not go for employment. If I do that, I will be punished according to the law.
- I agree to the collection and use of my unique identification (Passport No.), personal information to third parties.
- I agree all EPS processes and procedure and I won't oppose against it.

# ७. Preview र Submit

- सबै विवरण पुनः जाँच गर्नुहोस्।
- सही भएमा *Submit* बटनमा क्लिक गर्नुहोस्।

READY TO SUBMIT

SUBMIT →

फारम पेश गर्न तयार छ



# ८. Payment गर्नुहोस्

- कुनै पनि उपलब्ध *Wallet* प्रयोग गरी *Payment* गर्नुहोस्।
- *Khalti, eSewa, Connect IPS Wallet* प्रयोग गर्न सकिन्छ।

**AVAILABLE WALLETS**

Khalti

eSewa

connect IPS pay direct from bank



# ९. Payment Success

- **Payment** सफल भएपछि **Registration Number** प्राप्त हुनेछ।
- **Registration Number** सुरक्षित राख्नुहोस्।
- यदि भुक्तानी सफल भएको छ तर ड्यासबोर्डमा नदेखिएको छ भने, कृपया कार्यालयमा सम्पर्क गर्नुहोस्।



# १०. Admit Card Download

- *Payment* सफल भएपछि मात्र *Admit Card* उपलब्ध हुन्छ।
- *Dashboard* मा गई *Download Admit Card* मा क्लिक गर्नुहोस्।

DASHBOARD OPTION

CLICK BUTTON
**⬇ Download Admit Card**

PDF Format मा Download हुनेछ


EPSKOREA

| | |
|---|---|
| Name | [illegible] |
| Gender | [illegible] |
| Passport Number | [illegible] |
| Registration Number | 0062026C50000007 |
| Area Of Occupation | Manufacturing |
| Sub Sector | Manufacture of medical, precision and optical instruments, watches and clocks |
| Exam Center | UBT Building Lalitpur |
| Date Of Birth | [illegible] |

**[Note:- Please Visit our website for the exam date and time.]**

**Terms and Conditions**

- I agree that passing EPS-TOPIK does not guarantee employment in Korea.
- If an applicants personal information on the passport is not exactly the same on the application form like English name, birth date and gender, registration to the EPS job seekers roster and employment in Korea is not permitted and the applicant is fully responsible for any problem caused by the difference in the personal information.
- I solemnly swear that I will take full legal responsibilities for any falsified documents submitted for registering EPS-TOPIK.
- If my document is proven to be falsified, the test result will invalidated and I will not be able to take any EPS-TOPIK for 4 years.
- I fully obey the rules and regulations of EPS.
- I have willingly participated in the EPS TOPIK exam. I will not participate in any kind of protest, sit-in procession, even if I participate in this examination and fail or if I am pass in the exam but not selected and do not go for employment. If I do that, I will be punished according to the law.
- I agree to the collection and use of my unique identification (Passport No.), personal information to third parties.
- I agree all EPS processes and procedure and I won't oppose against it.

EPS KOREA

# धन्यवाद

तपाईको *EPS Korea Registration* सफल रहोस्।